नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ

रामेछाप

☏०४८-५४०५६२
✉pmamp.piu.ramechhap@gmail.com
web:-piuramechhap.pmamp.gov.np

प.सं.:-२०८०/८१
सूचना नं.:-२४

सूचना प्रकाशन मिति: २०८०/११/१६
११४४ सिल्लागा, ४ बुधबार

### कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रामेछापको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम"** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) औं दिन भित्र अर्थात् (मिति २०८०/१२/१४ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | रामेछाप र दोलखा जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैयाँ सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप वढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

**निवेदन साथ संलग्न कागजातहरु**

(१)कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२)निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(८) सम्बन्धित स्थानीय तहको कृषि/पशु शाखाको सिफारीस पत्र ।

नोट: प्रस्ताव पेश गर्दा बाली/पशु वस्तुको मूल्य श्रृंखलाका क्षेत्रमा उत्पादन, प्रशोधन वा बजारीकरणसँग सम्बन्धीत क्रियाकलापहरु अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ ।

द्रष्टव्य: कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० तथा निर्दिष्ट गरिएका आवेदन तथा प्रस्तावनाका नमुनाहरु यस कार्यालयको वेभसाईट: www.piuramechhap.pmamp.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।

CamScanner